कालीगण्डकी गाउँपालिका गाउँसभामा
अध्यक्ष श्री खिम बहादुर थापाद्वारा प्रस्तुत
आर्थिक वर्ष २०८१/८२ को

# नीति तथा कार्यक्रम

कालीगण्डकी गाउँपालिका
गाउँकार्यापालिकाको कार्यालय
विर्घा, स्याङ्जा
विक्रम संवत् २०८१ साल जेठ ६ गते

**आदरणीय गाउँपालिका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू गाउँकार्यपालिका र गाउँसभाका सदस्यज्यूहरु, आमन्त्रीत व्यक्तित्वज्यूहरु, राजनीतिक दलका प्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, उपस्थीत दिदीबहिनी तथा दाजुभाईहरु र पत्रकार मित्रहरु।**

१. नेपालको सविधन २०७२ मार्फत संघीय लोकतान्त्रीक गणतन्त्रात्मक नेपालको स्थापना भएसँगै राजनितकरुपमा संरचना निर्माण भएका स्थानीयतहहरुको राजनीतिक प्रतिनिधित्व मार्फत नागरिकको घरदैलोको सरकारको रुपमा कार्य गरी रहेको सन्दर्भमा गत ४ वर्ष अगाडि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ ले आपूर्ती शृङ्खलामा पुर्याएको क्षती, मध्य पूर्व तथा रेड सि भूभागमा हालैको द्वन्द्व, युक्रेनमा रूसी सेनाको आक्रमण बढेकोले भूराजनीतिक जोखिम बढेको छ ।यस्तो भएतापनि गत आ.व. भन्दा चालु आ.व.मा आर्थिक वृद्विदरमा सुधार भएको आर्थिक सर्वेक्षणले देखाएता पनि हाल हामीले आर्थिक संकटको सामना र व्यापार घाटासंग जुधिरहन परेकोछ। यसबाट संघिय, प्रदेश र स्थानीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले संघ र प्रदेशबाट प्राप्त हुनुपर्ने वित्तिय हस्तान्तरणमा नकारात्मक असर परेको बेला नेपालको संवैधानिक व्यवस्था बमोजिम यस पालिकाले आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम सम्मानीत गाउँसभा समक्ष पेश गरेको छु। यस अवसरमा स्थानीय सरकारलाई प्राप्त हुँदै आएको रचनात्मक साथ, समर्थन र सहयोगका लागी सम्पूर्ण गाउँपालिका बासीमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। प्रस्तुत नीति तथा कार्यक्रमले देशमा परेको चरम आर्थिक संकट, अनियन्त्रित महङ्गी र बढ्दो बेरोजगारीको कारणले थला परेको अर्थतन्त्रलाई गतिशील बनाउदै **समृद्व पालिका,सुखि नागरिक**को लक्ष्य प्राप्त गर्ने विश्वास लिएको छु।

२. यस महत्वपूर्ण समयमा सामन्ती, निरंकुश, केन्द्रिकृत र एकात्मक शासन प्रणालीको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रद्वान्जली अर्पण गर्दछु। सहिद, बेपत्ता तथा घाइते परिवार प्रति उच्च सम्मान प्रकट गर्दै घाईतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। नेपालको युगान्तकारी अग्रगामी परिवर्तनका लागी भएका संघीय लोकतान्त्रिक गणतन्त्र ,राष्ट्रियता र जनजीविकाको आन्दोलनमा अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानहरुप्रति उच्च सम्मन गर्न चाहान्छु।

३. यस नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधान २०७२मा स्थानीय शासन सम्बन्धी भएका नीतिगत व्यवस्था, भर्खरै पास भएको १६औं योजना, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश नीति योजना आयोग, चुनावी घोषणा पत्र, स्थानीय सरकार संचालन ऐन २०७४, दिगो विकास लक्ष्य २०३०को मार्गचित्र, स्थानीय आर्थिक सर्वेक्षण, मध्यमकालिन खर्च संरचना र कालीगण्डकी गाउँपालिकाको आवधिक योजनाबाट प्राप्त मार्गदर्शन सहित कालीगण्डकी गाउँपालिकाको गाउँ, वस्ती –टोल हुँदै वडा समिति र विषयगत समितिहरुको बैठक, राजनीतिक दल लगायत सरोकारवालाहरु सँग छलफल, सामाजिक सञ्जाल र अन्तरक्रिया गरी प्राप्त सुझावहरुलाइ मूल आधारको रुपमा लिइएको छु ।

४. लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित समाजवादप्रति प्रतिवद्ध रहि **"समृद्ध गाउँपालिका, सुखी नागरिक"** युक्त कालीगण्डकी गाउँपालिका निर्माण गर्ने हाम्रो दिर्घकालीन संकल्प र हामीले निर्वाचनको क्रममा हाम्रा मतदाताहरुप्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने कार्यमा आगामी आ.व.२०८१/०८२को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागी दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरिय पुर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशिल तथा दिगो स्थानीय आर्थिक विकास मार्फत **समृद्ध पालिका सुखी नागरीक**को लक्ष्य हासिल गर्न सार्वजनिक, निजि क्षेत्र र समुदायको साझेदारीता विकास गरिनेछ।

५. कालीगण्डकीलाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्दै सु-सांस्कृतिक तथा स्वस्थ्य नागरिक, रोजगार, सिपमुलक गुणस्तरीय शिक्षा, दलित, भुमिहिन, अव्यवस्थीत बसोबासी(सुकुम्बासी)हरुलाइ वैज्ञानिक व्यवस्थापन गर्ने (जग्गा धनि पुर्जा) कृषी तथा पशुपन्क्षी विकास र स्वच्छ, सफा र सुन्दर योजनाबद्ध शहरीकरण, उद्यमशिलता र बस्ती विकासलाई नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिएको छ।

६. संविधान बमोजिम एकल अधिकारको रुपमा प्राप्त भएका अधिकार क्षेत्र भित्रका विषयहरुमा थप प्रभावकारी कानून निर्माण गरी कार्यक्रम कार्यान्वयन गर्ने, संघीय सरकार र प्रदेश सरकारसँग साझा विषयका अधिकार क्षेत्रको सम्बन्धमा यस स्थानीय तहलाई अधिकत्तम प्रतिफल प्राप्त हुने गरी सौदाबाजी मार्फत लाभ प्राप्त गर्ने स्थानीय अवसरलाई उपयोग गर्ने र विकास, समृद्धि र सुशासनमा विशिष्ट पहिचान कायम गर्दै नमूना स्थानीय तहको रुपमा

परिचित हुँदै गएको पहिचानलाई ब्राण्डिङको रुपमा स्थापित गर्नका लागि कार्यगत उत्कृष्ट अभ्यासहरुको अनुशरण तथा नवप्रवर्द्धनशिल कार्यहरुमा विशेष जोड दिइएको छ।

७. ग्रामीण अर्थतन्त्रको बलियो आधार सिर्जना गर्ने, युवा जनशक्तिलाई स्थानीयस्तरमै टिकाई राख्न, सामुहिक उत्पादन र रोजगारीका कार्यलाई बढोत्तरी दिने, उत्पादनमा आधारित कृषि प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने, दक्ष मानव संसाधन विकासका लागी सबल संस्था तथा सक्षम प्रशिक्षकको विकास गर्ने कार्य र भौतिक पूर्वाधारको दिगोपना कायम गर्ने विषयहरु यस नीति तथा कार्यक्रमको केन्द्रको रुपमा रहनेछन्। मूर्त तथा अमूर्तरुपमा रहेका स्थानीय सांस्कृतिक सम्पदाको संरक्षण तथा प्रचारप्रसारको कार्यका लागि यस नीति तथा कार्यक्रमले विशेष प्राथमिकता दिएको छ।

८. नेपाल अल्पविकसीत मुलुकबाट विकासशील मुलुकको श्रेणीमा पुग्दै गर्दा हरेक दिन करिब २००० युवाहरु रोजगारीको खोजीमा नेपाल छोडेर विदेशीनु पर्ने अवस्थाले हामी सबैलाई गम्भीर बनाएको छ। विविध कारणले आन्तरिक र बाह्य बसाईसराईको कारण हाम्रा गाउँहरु सुनसान र प्रौढ बस्तीको रुपमा स्थापीत भईरहेको छन्। खेतीयोग्य खेतबारीहरु बाझो हुन पुगेका छन्। यस सन्दर्भमा youthless and toothless जनसाख्यिक सरचना भएका वस्तिलाई पुनसंरचित बनाउन युवाहरुलाई स्थानिय तहभित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाईलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ।

९. यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनः उत्थानशिल क्रियाकलाप मार्फत अगाडी बढाउदै तिव्र र दिगो आर्थिक विकास गरी **"समृद्व पालिका, सुखी नागरीक"** को मुल लक्ष्य हासिल हामीले गर्नु परेको छ। यसको लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासको कार्यक्रमलाई विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ। सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गराउन गाउँपालिको क्षमता विकास गर्ने कार्य समेत अपरिहार्य छ। यसका लागी विद्युतीय सुशान प्रणालीलाई सेवा प्रवाह व्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ। आर्थिक समानता, समृद्वि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागीतामुलक सिद्वान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने यस नीति तथा कार्यक्रमको मूल उद्देश्य रहेको छ।

१०. विकास तथा समृद्विका लक्ष्य प्राप्तीको लागी अवसर तथा चुनौतीहरुः

**विद्यमान अवसरहरुः**

१. संविधानतः स्थानीय सरकारका २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु।

२. आफ्ना अधिकार  क्षेत्रका विषयहरुमा, ऐन, कानुन र योजना तर्जुमाको अभ्यास हुनु।

३. नीति तथा कार्यक्रम र बजेट तर्जुमा र संचालनका लागि कानुनी व्यवस्था हुनु ।

४. न्यून मात्रामा भए पनि कालीगण्डकी 'ए' जलविद्युतबाट रोयल्टी प्राप्त गर्नु।

५. कालीगण्डकी र आँधीखोलालाई बहुउपयोगी नदिको रुपमा उपयोग गरी रोजगारी सिर्जना गर्न र थप विद्युत उत्पादन गर्न सकिने सम्भावना रहनु ।

६. धार्मिक पर्यटकलाई आकर्षण गर्न सकिने सम्भावना रहनु ।

७. कालीगण्डकी गाउँपालिका भित्रका प्रमुख फाँटहरुबाट सिंचाई गरि उत्पादन बढाउन सकिने सम्भावना रहनु ।

८. विभिन्न खनिज पदार्थको अध्ययन गरी खानीको विकास गर्न सकिने सम्भावना रहनु।

**विद्यमान चुनौतीहरुः**

१. रोजगार उन्मुख सीपमुलक शिक्षाको विकास र युवा जनशक्तिलाई कृषि व्यवसायप्रति आकर्षित गरी रोजगारी सृजना गर्न र देश भित्र नै अवसर छ भन्ने कुरामा भरोसा दिलाउन,

२. स्रोत अभावका कारण गुणस्तरिय खानेपानीको दिगो सेवा उपलब्ध गराउन,

३. गुणस्तरीय विउविजन र मल समयमा उपलब्ध गराउन, उत्पादित कृषिजन्य पदार्थको उचित बजार व्यवस्थापन गर्न,

४. वैदेशिक रोजगारबाट फर्केका सिपयुक्त युवाको सिप तथा पूँजीलाई उद्यम विकासमा उपयोग गर्न,

५. दक्ष जनशक्तिको अभावमा कानुन निर्माण गर्न चुनौति छ।

६. निर्माण भएका पुर्वाधारको मर्मत संभार पद्वतिको विकास गर्न र पूर्वाधारको उपयोग योजना, डिजाइन तथा ड्रईङ विना गरिने पूर्वाधारको संरचना निर्माणको कार्यलाई रोक्न।

७. अव्यवस्थीत वस्ती विकास (जस्तैः- भिरालो तथा पहिरो जोखिम भएको ठाँउमा पनि घर तथा भवन निर्माणको कार्यलाई रोक्दै व्यवस्थीत बस्ती विकास गर्न,

८. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा) को अत्याधिक दोहन नियन्त्रण गर्न,

९. एकिकृत सम्पत्ति कर प्रणाली र नक्शा पास प्रणालीलाई प्रभावकारी रुपमा कार्यान्वियन गर्न,

१०. वैज्ञानिक, जलवायु, उत्थानशिल तथा व्यवहारिक एवं उपयुक्त भु-उपयोग योजना तर्जुमा गरि लागु गर्न,

११. गाउँपालिका संचालनको लागी पर्याप्त दक्ष जनशक्ति उपलब्ध गराई labor turnover न्यून गराउन,

१२. विभिन्न समयमा पालिकामा निर्माण भएका पूर्वाधारमा संरचनाको लागत तयार गर्न, मुल्याङ्कन गर्न तथा सेवा प्रवाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना तयार गरि कार्यान्वियन गर्न,

१३. विपदजन्य परिस्थितिका लागि पूर्वतयारी प्रतिकार्य र पुनर्लाभलाइ व्यवस्थित गराउन,

१४. कृषि योग्य जमिनमा उपयुक्त प्रविधियुक्त सिँचाई उपलब्ध गराउन,

१५. सामुहिक खेती प्रणालीको विकास गर्न,

१६. लिफ्टिङ सिंचाई र खानेपानी योजनाहरुलाई दिगो बनाउन,

१७. राजश्व परिचालन गर्न,

१८. फोहोरमैला व्यवस्थापन गर्न,

**आदरणीय गाउँसभाका सदस्यज्यूहरु,**

सिमित स्रोत र साधनको अधिकतम परिचालन गरी गाउँपालिकाको सर्वाङ्गिण विकास गर्ने स्पष्ट दृष्टिकोण, गन्तव्य र लक्ष्य सहित चालू आर्थिक वर्षमा गाउँपालिकाले हालसम्म हासिल गरेका प्रमुख उपलब्धीहरु सम्मानित सभा समक्ष संक्षिप्त रुपमा प्रस्तुत गर्न अनुमति चाहन्छु।

## १. सुशासन तथा संस्थागत विकास क्षेत्रमा भएका उपलब्धीः

**क.** कालीगण्डकी गाउँपालिकालाई आफ्नै गान, छाप र झण्डा भएको पहिलो स्थानीय तहको रुपमा स्थापित गरिएको छ।

**ख.** विधिको शासनमा आधारित पारदर्शी, जवाफदेहि, परिणाममुखी एवं नागरिक मैत्री शासन व्यवस्था कायम गर्न आवश्यक कानुनहरु निर्माण गरिएको छ। हाल सम्म १८ वटा ऐन, ४ वटा नियामावली, २९ वटा निर्देशिका तथा कार्यविधि, १ वटा मापदण्ड, १ वटा आचारसंहिता र १ वटा कार्यसुची जारी गरी कार्यन्वयनमा ल्याईएको छ।

**ग.** राष्ट्रिय प्राकृतिक स्रोत तथा बित्त आयोगको नतिजामा स्याङ्जा जिल्लाको उत्कृष्ट गाउँपालिकाको रुपमा र महालेखा परीक्षकले २०८१ मा प्रकाशन गरेको को ६१ औं प्रतिवेदन बमोजिम कालीगण्डकी गाउँपालिकाको आ.व. २०७९/८० को बेरुजु सिङ्गो देशभरीमा तेह्रौ स्थानमा, गण्डकी प्रदेशको दोस्रो स्थानमा र स्याङ्जा जिल्लाको पहिलो स्थानमा रहेको छ भने बेरुजु जम्मा ०.१०% रहेकोछ। सबै योजनाहरु व्यवस्थित गर्न योजना बैङ्क बनाई योजनाहरु संचालन गर्दै आइरहेको छ।

**घ.** गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संरचना जनशक्ति र कार्य विवरण तयार गरी कार्यन्वयनमा ल्याएको छ। यस गाउँपालिकाले गत आर्थिक वर्षमा स्थानीय तह संस्थागत मूल्याङ्कन (LISA) मा ८५.२५ अङ्क प्राप्त गरेको छ, भने वित्तिय सुशासन जोखिम मूल्याङ्कन(FRA) मा ७४.५% अङ्क प्राप्त गरेको छ।

**ङ.** वडा तथा पालिकाकेन्द्रबाट उठ्ने राजस्व अनलाइनबाट संकलन गरिएको छ।

**च.** कार्यपालिकाका नियमित सूचना, सभा र कार्यपालिका निर्णयहरु Website मार्फत सार्वजनिक गरिएको छ।

**छ.** पालिका र वडाहरुमा CCTV Camera जडान गरिएको छ।

## २. भौतिक पूर्वाधार विकास क्षेत्रमा भएका उपलब्धीः

**क.** आर्थिक वर्ष २०८०/०८१ सम्ममा कालीगण्डकी गाउँपालिकाका सबै घरधुरीमा "एक घर एक धारा" अभियान सम्पन्न गर्ने उद्देश्यका साथ अघि बढेकोमा हालसम्म ४३३८ घरधुरीमा धारा जडान भैसकेको छ भने बाँकी ७९६ घरधुरीमा योजनाहरु सम्पन्न हुने चरणमा छन्।

**ख.** विर्घाटार लि.सिंचाई योजना नमूना योजनाको रुपमा सम्पन्न भैसकेको छ, भने खोर्दी सिंचाई, सटुका सिंचाई, तल्लो माथिल्लो घाकुर सिंचाई योजना सम्पन्न भएको छ। प्युँघा लि.सिंचाई र बारीचौर लि.सिंचाई अन्तिम चरणमा छ भने टंलेहवा लि.सिंचाई र मिर्मी लि.सिंचाई आ.व.०८१/०८२ मा सम्पन्न गर्ने गरि काम भईरहेको छ।

**ग.** कालीगण्डकी गाउँपालिका भित्र ७५ कि.मि. सडक कलोपत्रे, ५ कि.मि. सडक ढलान, ६० कि.मि. ग्रावल, १८२ कि.मि कच्ची सडक रहेको छ भने बाह्रै महिना चल्ने सडक २४० कि.मी रहेको छ । ६ वटा वडा कार्यालयहरुलाई कालोपत्रे सडकले जोडिएको छ

भने वडा नं.२ र सबै माध्यमिक विद्यालयहरुलाई कालोपत्रे सडकसँग जोड्ने कामलाई आगामी वर्षमानै सम्पन्न गरिनेछ।

**घ.** गाउँपालिकाको प्रशासकीय भवन गत वर्षमा सम्पन्न भई सकेको छ। भवनको औपचारिक उद्घाटन समेत पूर्व प्रधानमन्त्री एंव ने.क.पा.एमालेका अध्यक्ष के.पि. शर्मा ओलीज्यूबाट सु-सम्पन्न भई सकेको छ।

**ङ.** कालीगण्डकी गाउँपालिकाको वडा नं. ५ र ६ मा स्याङ्जा जिल्लाकै नमूना बहुउद्देश्यीय रङ्गशाला, वडा नं. ५ मा बहुउपयोगी व्याडमिण्टन कोर्ट, वडा नं. ७ मिर्मी, वडा नं.१ कारीकोट, वडा नं. ३ भुष्टुङ्ग र वडा नं. ४ क्याम्पस अगाडिको खेल मैदानलाई बहुउद्देश्यीय खेल मैदानको रुपमा विकास गरिएको छ।

**च.** मिर्मी र चण्डीभञ्ज्याङमा बस पार्क, कालीगण्डकी-५ मा प्रवेशद्वार गेट र भपेङ्गमा उद्योगग्राम निर्माणको अन्तिम चरणमा छन्।

**छ.** कालीगण्डकी गाउँपालिका वडा नं. ३ को बारीचौर र बगनासकाली गाउँपालिका पाल्पाको मन्द्रानको बीचमा कालीगण्डकी गाउँपालिकाकै अग्लो झोलुङ्गे पुल र गहलाम घाटको झोलुङ्गे पुल निर्माण भइसेकेको छ।

**ज.** स्याङ्जा, पाल्पा र गुल्मी जिल्ला जोड्ने नेपालकै नमूना तीनमुखे झोलुङ्गे पुल निर्माण सम्पन्न भइसेकेको छ।

**झ.** रुद्रवेणी, रानीघाट र आँधिमुहानमा मोटरेबल पुल निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका छन। बाँसटारी-मन्द्रान कालीगण्डकी नदी, रिडीपुल पुलक्याम्प, बेल्टारी-दर्पुक कालीगण्डकी नदी, चिउरीबोट-अर्गली कालीगण्डकी नदी, अरुवाघाट कालीगण्डकी नदीको पुल निर्माणको क्रममा रहेको छ।

**ञ.** ६ वडा कार्यालयको आफ्नै भवन छ भने वडा नं.३को भवन चालु आ.व.मा नै सम्पन्न हुँदैछ।विर्घा, कृष्णगण्डकी, आलमदेवी र चण्डीभञ्ज्याङको स्वास्थ्य चौकी भवन सम्पन्न भईसकेको छ, भने वैघा स्वास्थ्य चौकी भवन चालु आ.व.मा नै सम्पन्न हुँदैछ र अस्पतालको भवन निर्माणको चरणमा रहेको छ।

## ३. आर्थिक क्षेत्रमा भएका उपलब्धीः

**क.** आलमदेवी मन्दिरलाई केन्द्र विन्दु बनाएर निर्माण गरिएको गुरुयोजना बमोजिम कार्य चरणबद्व रुपमा कार्यान्वयन भई रहेकोछ।

**ख.** भृगुतुङ्गेश्वर मन्दिरको बृहत विकासको लागि नेपाल सरकार, पर्यटन मन्त्रालय र गाउँपालिकाको संयुक्त लगानीमा ३ करोड ७५ लाखको काम चालु आर्थिक वर्षमा नै सकिदैछ। कट्टी भ्यू टावर, रानी महल, रुरु क्षेत्र कालीगण्डकी शिला, उत्तरबाहिनी र सेतिवेणी सँग हरेक पूर्वाधारलाई जोड्ने काम भई रहेको छ।

**ग.** हनुमानथान, बडहरकुना शिला, टयाङलुङ शिला, सिद्वगुफा, मिर्मीमा पार्क, कोलडाँडा पार्क, पिकनिक स्पोर्ट र सडकको पहुच मार्ग सहित चरणबद्व रुपमा निर्माण कार्य भई रहेको छ।

**घ.** सडक वत्ती संचालनमा ल्याईएको छ भने यस वर्ष थप गरिने छ।

**ङ.** २०७८ बैशाख महिनादेखि गाउँपालिका भित्र निःशुल्क विद्युत उपलब्ध गराइएकोछ।

**च.** कृषकहरुलाई हाते टयाक्टर लगायत औजारहरु अनुदानमा वितरण तथा सहुलियत दरमा थ्रेसर संचालन गरिएको छ ।

**छ.** गहुँको बीउ अनुदानमा वितरण र फलफुलको विरुवा वितरण गरिएको छ ।

**ज.** वंगुर फार्म प्रवर्द्धन, सुदृढीकरण तथा वितरण र पोषणयुक्त घाँसको विउ वितरण गरिएको छ ।

**झ.** बाख्रा पकेट क्षेत्रको लागि खोर निर्माण तथा उन्नत बोका बाख्रा र औषधि वितरण तथा भकारो सुधार कार्यक्रम संचालन गरिएको छ ।

**ञ.** हेफर नेपालसँग साझेदारी कृषि र पशुको क्षेत्रमा कार्य गरिएको छ ।जस्ले हालसम्म १५० वटा बाख्राको तथा बंगुरको खोर, २० वटा भकारो सुधार, ४२९ वटा बाख्रा र बंगुरको बच्चा उपहार स्वरुप वितर्ण गरिएकोछ। लागत साझेदारीमा २० वटा भैंसी, र ५ वटा गाई वितरण गरिएकोछ।

**ट.** व्यवसायिक फूलखेती प्रवर्द्धन कार्यक्रम र कालीगण्डकी ताजा तरकारी उत्पादन कार्यक्रम संचालनमा छ।

**ठ.** २३ रोपनी जग्गामा नमूना ड्रयागन बगैंचा स्थापना तथा पोल र विरुवा वितरण तथा कागती मिसन कार्यक्रम संचालन गरिएको छ जसको कारण उत्पादित कागती निर्यात गरिएएको छ।

ड. कृषिमा आधारित प्रदेश सरकारसंग साझेदारीमा नव प्रवर्द्धन कार्यक्रम अन्तर्गत केरा खेतीबाट फाईवर र जुस , केरा तथा चिउरीको पातबाट टपरी उत्पादन कार्यक्रम संचालन गरिएको छ ।

ढ. कृषीमा आधारीत नवप्रवर्द्धन कार्यक्रम अन्तर्गत ७० रोपनी जग्गामा सामुहिक खेती सुरुवात गरिएकोछ।

ण. लक्षित कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरुलाई मौरीको तालिम र मौरीको गोला सहित घार वितरण गरिएको छ।

त. सहकारी संस्था मार्फत सीप विकास कार्यक्रम र पशु स्वास्थ्य शिविर संचालन गरिएको छ ।

थ. माछा पोखरी निर्माण र संचालन र माछाका भुरा वितरण तथा प्लाष्टिक पोखरी निर्माण गरिएको छ ।

द. एकिकृत घुम्ती शिविर वडा नं.२मा संचालन गरिएको छ।

ध. संघीय सरकार, स्थानीय सरकार र सहकारीको संयुक्त लगानीमा एक खाद्य गोदाम निर्माण कार्य सम्पन्न गरीएकोछ ।

न. बेरोजगार युवालाई न्यूनतम रोजगारीको प्रत्याभूति दिने उद्देश्यले आर्थिक वर्ष ०७५/७६ देखि सुरु भएको प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरी आर्थिक वर्ष ०७५/७६ मा ६३ जनालाई १२ दिनको औषत रोजगारी प्रदान गरिएदेखि चालु आर्थिक वर्षमा १६० जनालाई रोजगारी दिइएको छ । कालीगण्डकी गाउँपालिकाको लागत साझेदारीले रोजगार कार्यक्रमको लक्ष्य प्राप्तीमा मेरुदण्ड सावित भएको छ। साथै रोजगार सेवा केन्द्रबाट चालु आ.व.मा ५५ जना युवाहरुको श्रम स्वीकृती पेश भएकोमा सबै स्वीकृत भई वितरण गरिएको छ।

## ४. सामाजिक विकासका क्षेत्रमा भएका उपलब्धीः

क. युवाहरुलाई खेल प्रति आर्कषण गराई राष्ट्रिय तथा प्रदेश स्तरीय खेलाडी तयार गर्ने उद्देश्यका साथ हालसम्म ५ वटा खेल महोत्सव तथा अध्यक्षकप खेलकुद प्रतियोगिता भव्यता साथ सम्पन्न भएको छ चालु आ.व.मा ७ विधाका २१ वटा इभेन्ट खेल सञ्चालन भएकोछ।

**ख.** ITF तेकाण्डो खेललाई प्रोत्साहित गर्नलाई खेलाडीहरुलाई खेल सामग्री उपलब्ध गराइएको छ।

**ग.** गाउँपालिका भित्रका गर्भवती महिलाहरुलाई क्याल्सियम र आइरन साथै किशोरीहरुलाई आइरन चक्की वितरण गरिएको छ । सुनौला हजार दिनका गर्भवती तथा बच्चालाई पोषिलो झोला, अण्डा, सर्वोत्तम पीठो र शित्तलचिनी तथा तरकारीका विरुवाहरु वितरण गरिएको छ। साथै प्रत्येक गर्भवतीको घरमा सन्देशमुलक फेलेक्स बोर्ड टास गरिएको छ।

**घ.** कालीगण्डकी वडा नं.७ मिर्मीमा १५ शैय्याको कालीगण्डकी अस्पतालको लागि १४ रोपनी जग्गा खरिद गरिएको छ । २०७७ फाल्गुण १० गतेदेखि संचालनमा ल्याइएको अस्पतालमा हाल २ जना मेडिकल अफिसर सहित ३५ जनाको टोलीमार्फत १५ बेडको अस्पतालबाट सेवा प्रदान गरिएको छ। अस्पतालमा नागरिक स्वास्थ्य बीमा कार्यक्रम संचालनमा छ। प्रत्येक ६ महिनामा सबै विद्यालयका विद्यार्थीहरुलाई निःशुल्क जुकाको औषधि र किशोरीहरुलाई आइरन चक्की खुवाउने काम भइरहेको छ। विभिन्न संघ संस्थाहरु मिलेर विभिन्न विषयको विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविरहरु संचालन गरिएको छ। यस गाउँपालिकामा हाल विभिन्न संघ संस्था मार्फत ३ वटा एम्बुलेन्स र १ वटा गाउँपालिकाको एम्बुलेन्स सहित ४ वटा एम्बुलेन्सहरु संचालनमा छन्। कालीगण्डकी गाउँपालिकाको सबै नागरिकलाई निःशुल्क बीमाको व्यवस्था गरिएको छ। कालीगण्डकी अस्पतालमा सम्पूर्ण कालीगण्डकीका नागरिकहरुलाई निःशुल्क उपचारको व्यवस्था मिलाईएकोछ। कालीगण्डकी गाउँपालिका वडा नं.४ विर्घामा नागरिक आरोग्य सेवा केन्द्र समेत संचालनमा ल्याईएको छ।

**ङ.** क्यान्सर, मुटु, मृगौला, सिकलसेल एनिमिया, स्पाइनल इन्जुरी, पार्किन्सन, अल्जाईमर र हेडइन्जुरीको उपचारको लागि अति गरीब बिरामीलाई आर्थिक सहयोग प्रदान गरिएको छ।

**च.** वडा नं.३ वैघाको स्वास्थ्य भवन यसै आर्थिक वर्षमा सम्पन्न गरिनेछ। वडा नं.५मा स्वास्थ्य चौकी भवन निर्माणको कार्य सुरु गरिएको छ।

**छ.** कालीगण्डकी गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरु ९.५० बजेबाट संचालन भईरहेका छन्।

**ज.** ३५ वटा भवनमा ११५ वटा कक्षाकोठा निर्माण भएको छ। सबै विद्यालयहरुमा कालीगण्डकी पठनसीप कार्यक्रम स्थानीय सरकारले आफ्नै लगानीमा संचालन गरेको

छ। सबै विद्यालयका शिक्षकहरुलाई ६ महिने मन्टेश्वरी तालिम सहित नेपाली भाषा पठन सिपको तालिम संचालन गरिएको छ। TOT को तालिम समेत संचालन गरिएको छ। जस्को कारण सिकाई उपलब्धी राम्रो रहेकोछ।

**झ.** छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड उपलब्ध गराइएको छ।

**ञ.** स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र पठनसीप कार्यक्रमको लागी पाठ्यपुस्तकहरु निःशुल्क उपलब्ध गराइएको छ। शिक्षक अभाव भएका विद्यालयहरुमा स्वयंसेवक परिचालन कार्यविधि २०७९ बमोजिम Volunteer शिक्षक उपलब्ध गराइएको छ।

**ट.** विद्यालयहरुमा तहगत गीत, ICT LAB र विज्ञान प्रयोगशालाको निर्माण गरिएको छ। सबै विद्यालयहरुमा निःशुल्क इन्टरनेट, विद्युतीय हाजिरी र टोल शिक्षा कार्यक्रम संचालन गरिएकोछ।

**ठ.** भगवती नमूना माध्यमिक विद्यालयको पूर्वाधार निर्माण कार्य सम्पन्न भएको छ।

**ड.** भारतको दिल्ली सरकारले सञ्चालन गरेको खुसी पाठ्यक्रम गाउँपालिकाको विद्यालयमा अवलम्बनको लागि सोको अध्ययन अवलोकन गर्न ६ जना शिक्षकहरुलाई भारतको हापूरमा १५ दिने शिविरमा सहभागिता गराइएको थियो।

**ढ.** एक विद्यालय एक टेबल टेनिस कोर्ट

**ण.** एक वडा एक ब्याडमिन्टन कोर्ट

**त.** एक टोल एक खेलमैदान निर्माण

**थ.** क्लबहरुलाई व्यवस्थापनको लागि अनुदान

**द.** टोल शिक्षा कार्यक्रम

**ध.** राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा छात्रा-छात्र भलिबल, कबड्डी र एथ्लेटिक्स प्रतियोगिता सञ्चालन

**न.** भपेङ, मिर्मी, चण्डी खेलमैदान (कारीकोट) मा बहुउपयोगी रंगशाला निर्माणको चरणमा रहेको छ ।

**ऩ.** पोषण कार्यक्रम अन्तर्गत प्रत्येक विद्यालयमा स्वच्छ खानेपानीको लागी पानी शुद्धीकरण मेसिन र कक्षा ६ र ७ का विद्यार्थीलाई टिफिन बक्स वितरण गरिएको छ।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरु,**

अब म आ.व. २०८१/०८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु।

११. नेपाल सरकारले लिएको **समृद्ध नेपाल सुखी नेपाली** को राष्ट्रिय आकांक्षा अनुरूप गाउँपालिकाको सन्तुलित, समन्यायिक र समावेशी विकास गरी उच्च आर्थिक वृद्धिदर हासिल गर्ने र गरिबी निवारण गर्ने लक्ष्यका साथ कालीगण्डकी गाउँपालिकाले लिएको **समृद्ध गाउँपालिका र सुखी नागरिक**को दीर्घकालीन संकल्पलाई साकार पार्न, वर्तमान अर्थतन्त्रको संकट, र अनियन्त्रित महङ्गीबाट नागरिकलाई सुरक्षित र शिथिल अर्थतन्त्रलाई गतिशिल बनाउन प्रस्तुत नीति तथा कार्यक्रमले यस वर्ष थप निम्न कार्यक्रमलाई प्राथमिकता दिने नीति लिइएको छ ।

**१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमः**

**क. स्वास्थ्य**

**१.** विभिन्न महामारीका अतिरिक्त क्यान्सर, मृगौला फेल, मुटु रोग जस्ता दीर्घ रोगले समेत समाज त्रसित भएको बेला कालीगण्डकी गाउँपालिकाले स्वास्थ्य क्षेत्रलाई केन्द्र विन्दुमा राखेर वर्तमान पुस्ताले नै महसुस गर्ने गरी यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमहरु तयार गरेको छु। हामी सबैले यस्ता संकटबाट उत्पन्न चुनौतीलाई अवसरको रुपमा उपयोग गरी यस आर्थिक वर्षमा समाजवाद उन्मुख स्वास्थ्य क्षेत्रको इतिहास रच्ने वर्ष बनाउने नीति लिइनेछ।

**२.** विभिन्न महामारी र दीर्घ रोगबाट नागरिकको रक्षा गर्न सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्न तथा वर्तमान स्वास्थ्य प्रणालीलाई सुदृढ गर्नका लागि आधारभूत स्वास्थ्य इकाईको स्तरोन्नतीलाई प्राथमिकतामा राखिएको छ। कालीगण्डकी अस्पतालबाट विशेषज्ञ सेवा, अनुसन्धानात्मक कार्य सहित आँखा विभाग, डाइग्नोसिस सेवा र दन्त विभागको सेवाको विस्तार गर्ने, रोकथाम, निदान र पुनर्स्थापना सेवालाई सहज र नियमित गरिनेछ । साथै विद्युतिय प्रविधिको प्रयोंगलाई बढाइने छ।

**३.** नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकको रुपमा व्यवस्था गरे बमोजिम कालीगण्डकीका नागरिकको जीवन रक्षा गर्नु गाउँपालिकाको जिम्मवारी महसुस गरी गाउँपालिका सम्पूर्ण नागरिकहरुलाई रु १ लाख सम्मको निःशुल्क **नागरिक स्वास्थ्य बीमा**

कार्यक्रमलाई निरन्तरता दिइनेछ। चालु आ.व.देखी कालीगण्डकीका नागरिकहरुलाई कालीगण्डकी अस्पतालमा निःशुल्क उपचार गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।

४. सामुदायिक विद्यालयका विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाईनेछ।

५. शुन्य होम डेलिभरी गराउन प्रत्येक गर्भवतीलाई अस्पताल सम्म आउन निःशुल्क एम्बुलेन्स उपलब्ध गराउने नीतिलाई निरन्तरता दिईनेछ।

६. गर्भवती, शिशु, बालबालिका, किशोरी र अपाङ्गता भएका व्यक्तिहरूको पोषण स्थितिमा सुधार ल्याउन नेपाल सरकार र कालीगण्डकी गाउँपालिका मिलेर पोषण सुधारको क्षेत्रमा थप कार्यक्रम यस आ.व.मा सञ्चालन गरिनेछ।साथै पूर्ण खोपयुक्त गाउँपालिका कायम राख्न खोप कार्यक्रम निरन्तर रहनेछ। र यस वर्ष कालीगण्डकी गाउँपालिकालाई सम्पूर्ण सुचक पूरा गरी पोषणमैत्री र बालमैत्री गाउँपालिका घोषणा गरिनेछ।

७. क्यान्सर, मुटु, मृगौला, सिकलसेल एनिमिया, स्पाइनल इन्जुरी, पार्किन्सन, अल्जाइमर र हेड इन्जुरीको उपचारको लागि अति गरिब बिरामीलाई आर्थिक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ। आर्थिक अभावका कारण स्वास्थ्य उपचार सेवा पाउन नसकेका अपाङ्ग, असहाय, अशक्त, गर्भवती, जेष्ठ नागरिक र विपन्न वर्गको लागि विशेष सुविधा दिइनेछ। मानसिक रोगका विरामीको लागि संरक्षण गृह, जेष्ठ नागरिकको दिवा सेवा कार्यक्रमलाई निरन्तरता दिइने तथा मिलन केन्द्र जस्ता संस्थागत संरचना स्थापना तथा संचालन गर्न सहयोग गर्ने नीति लिइनेछ।

८. यसै वर्षदेखि मदिरा, लागुपदार्थको दुर्व्यसनबाट ग्रसितलाई स्वस्थ बनाउन विद्यालय शिक्षा तथा Rehab centre (पुनर्स्थापना तथा सुधार केन्द्र) संचालनमा ल्याइने छ ।

९. Lab In Bag कार्यक्रमलाई निरन्तरता दिदै प्रत्येक आधारभूत स्वास्थ्य चौकीहरुमा प्रत्येक ३-३ महिनामा ४० वर्ष भन्दा माथि उमेर समुहका नागरिकहरुलाई निःशुल्क रुपमा Sugar, Cretanine, BP, Triglyceride को जाँच गर्ने व्यवस्था मिलानेछ।

१०. पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर लगायतका विभिन्न रोगका बिशेषज्ञ सेवा सहितको घुम्ती स्वास्थ्य शिविर संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।साथै पाठेघरको मुखको क्यान्सरको प्रत्येक २ हप्तामा एक पटक कालीगण्डकी अस्पताल र चौमासिक रुपमा स्वास्थ्य चौकीहरुमा शिविरको रुपमा पाठेघरको मुखको क्यान्सर स्क्रिनीङ (VIA) नियमित गर्ने व्यवस्था मिलाईने छ।

११. बालबालिकाको प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्न बालबालिकाको लागि विशेष कार्यक्रम ल्याइनेछ।

१२. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधिजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ।

१३. उपाध्यक्षसँग पोषिलो झोला कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१४. स्वास्थ्यकर्मी र महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।

१५. लागु औषध नियन्त्रणका लागी प्रहरीसंग सहकार्य गरिनेछ।

१६. किटजन्य (कालाजार, औलो, डयाङ्गु, स्क्रव टाईफस) रोग सम्बन्धी सकोकारवालासँग अभिमुखीकरण कार्यक्रम गरिनेछ।

**ख. शिक्षा**

१. समाजका युवा जगतमा विचलनका रूपमा देखा परेका विकृतिलाई अन्त्य गरी सभ्य समाज निर्माणमा विशेष जोड दिइनेछ। यसका लागि विद्यालय तहबाट सुरूवात गर्न विद्यालय ९:५० बजे सञ्चालनमा ल्याउने नीतिलाई निरन्तरता दिइनेछ।

२. सरकारी तलबभत्ता लिने जनप्रतिनिधि, कर्मचारी, शिक्षक, व्यवस्थापन समितिहरुका छोराछोरीले समुदायिक विद्यालयहरुमा अध्यापन गर्ने नीतिलाई निरन्तरता दिदै कडाईकासाथ कार्यन्वयन गरिनेछ।

३. कक्षा ८ सम्मका सबै विद्यालयहरुमा स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक निःशुल्क रुपमा उपलब्ध गर्ने कार्यलाई निरन्तरता दिइनेछ। साथै स्थानीय पाठ्यक्रममा पाठ्यपुस्तकलाई उपयोगी सीपमा आधारित बनाउन पाठ्यक्रमलाई अध्यावधिक गरिनेछ।

४. स्थानीय तह भित्र संचालित क्याम्पसहरुलाई थप व्यवस्थित गर्दै क्याम्पसमा अध्यनरत विद्यार्थीहरुलाई व्यवहारिक सिप विकास गर्न स्वयम सेवकको रुपमा कार्य गर्ने प्रणालीलाइ प्रोत्साहित गर्दै क्याम्पस मर्च गर्न प्रोत्साहित गरिनेछ ।

५. आलमदेवी बहुप्राविधिक शिक्षालयमा civil engineer को मात्र कक्षा संचालन भई राखेकोमा थप अन्य विषयको पनि कक्षा संचालन गरिने छ। प्राविधिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहन गर्न प्राक्टिकल र फिल्ड वर्कमा जोड दिई प्रोत्साहन स्वरुप खाजा खर्च उपलब्ध गराईनेछ।

६.	ECD र विद्यालयका कर्मचारीहरुलाई नेपाल सरकारले घोषणा गरे बमोजिमको न्यूनतम तलब स्केल दिने कार्यलाई निरन्तरता दिईनेछ।

७.	प्रत्येक आधारभूत विद्यालयहरुमा मन्टेश्वरी कक्षाको पूर्वाधार तयार गर्ने र संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ । Room to read (पढ्नका लागी कक्षा कोठा) सँगको साझेदारितालाइ निरन्तरता दिइनेछ ।**कालीगण्डकी पठन सिप** विधिलाई सबै विद्यालयहरुमा अनिवार्य रुपमा संचालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ । विद्यालय अनुगमनलाई थप प्रभावकारी बनाउन अनलाइन प्रणालीको विकास गरिनेछ।

८.	सूचना र प्रविधिमैत्री शैक्षिक सामग्री उत्पादन र विकासको व्यवस्था मिलाइने छ।

९.	विद्यालय फूलबारी कार्यक्रमलाई निरन्तरता दिईनेछ। विद्यालय व्यवस्थापन समितिलाई तालिमको व्यवस्थासँगै विद्यालय वरिपरी महिरा-सुर्तिजन्य सामाग्री विक्रीवितरण गर्न रोक लगाइनेछ।

१०.	मानव संशाधन विकास गर्नलाई संघीय सरकार, प्रदेश सरकार स्थानीय तहहरुको संयुक्त लगानी वा पालिकाको आफ्नै लगानीमा प्राविधिक जनशक्ति उत्पादन गर्न आलमदेवी बहुप्राविधिक शिक्षालय मार्फत प्रत्येक युवालाई सिप मुलक तालिम संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

११.	**नेपालमा केही हुँदैन, विदेशमा नै जानुपर्छ** भन्ने आम नागरिको सोचाईलाई परिवर्तन गर्न विद्यालय तहमा नै सकारात्मक सोचाईका सन्देशहरु प्रवचन गर्ने व्यवस्था मिलाईनेछ।

१२.	विद्यालय सुधार कार्यक्रम अन्तर्गत अहिले प्रयोग गरेको सिकाई विधिलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गर्दै सामुदायिक विद्यालयहरुलाई थप स्रोत साधनको व्यवस्थापन गरिनेछ । Electrical कक्षा र प्राविधिक धार संचालन गर्ने विद्यालयहरुलाई छात्रवृत्ति उपलब्ध गराउने नीति लिईनेछ ।

१३.	सामुदायिक विद्यालयहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न निशर्त अनुदानलाई निरन्तरता दिइनेछ।

१४.	शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालनमा ल्याईनेछ। क्षमता अभिवृद्धि कार्यक्रलाई निरन्तरता दिइनेछ। दलित, अल्पसंख्यक, गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति दिने नीतिलाई निरन्तरता दिइनेछ।

१५. विद्यालयका प्र.अ.हरुको भत्तालाई निरन्तरता दिईनेछ। शिक्षकहरुको व्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ।

१६. शिक्षा ऐन, शिक्षा नियामावली, शिक्षा नीति, निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिनेछ।

१७. विद्यालयको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गरिनेछ ।

१८. संस्थागत विद्यालयहरुको विभिन्न सूचकहरुको आधारमा वर्गिकरण गरी वैज्ञानिक ढंगले शुल्क निर्धारण गरी लागु गरिनेछ।

१९. हाल कक्षा ८ को अन्तिम परीक्षा गाउँपालिकाले लिने व्यवस्था भएकोमा चालु शैक्षिक वर्ष देखी कक्षा ५ को परीक्षा समेत गाउँपालिकाले लिने व्यस्था मिलाईनेछ।

२०. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ।

२१. संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई श्रम ऐनले तोके बमोजिम न्यूनतम पारिश्रमिक उपलब्ध गराउने नीति कार्यान्वयन गरिने छ।

२२. **"उत्कृष्ट शैक्षिक गन्तव्य कालीगण्डकी गाउँपालिका हाम्रो पहिचान"** भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता संस्थाहरुसँग सहकार्य गरिनेछ।

२३. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।

२४. सबै विद्यालयहरुमा वैज्ञानिक पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीतिलाई निरन्तरता दिइनेछ।

२५. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थापन, शैक्षिक पात्रो ब्यवस्थापन, स्रोत ब्यवस्थापन, विद्यालय-अभिभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

## ग. युवा तथा खेलकुद

१. अध्यक्ष कप खेलकुदलाई खेल महोत्सवको रुपमा निरन्तरता दिदै यस वर्ष पनि थप एक खेल थपिने छ ।

२. **नेपालमै केहि गरे हुन्छ** भन्ने भावनालाई विकास गर्दै युवाहरुलाई देशप्रति भरोसा र आशा जगाउने कार्यक्रमहरु संचालन गरिनेछ।

३. कालीगण्डकीको समग्र खेलकुद विकासको लागि एक गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरिनेछ ।

४. युवाहरुलाई खेलकुद प्रति आकर्षण बढाउन क्लबलाई योग्यताको आधारमा अनुदान दिने व्यवस्थालाई निरन्तरता दिइनेछ । प्रत्येक वडामा खेल मैदान बनाउने कार्यलाई टोलटोलमा खेल मैदान बनाउनेमा परिणत गरी निरन्तरता दिईनेछ, बनेका खेल मैदानको स्तरोन्नती गरिनेछ ।

५. ब्याडमिन्टनको लागि कभर्ड हल, बास्केटबल र ह्यान्डबललाई समेत आवश्यक कोर्ट निर्माण गर्ने कामलाई निरन्तरता दिइनेछ ।

६. राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउनेलाई प्रोत्साहन गर्ने कामलाई निरन्तरता दिईनेछ।

७. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीतिलाई निरन्तरता दिइने छ।

८. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई **"विदेश हैन बिजनेस"** भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

९. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकास तथा युवा लक्षित प्रविधि हस्तान्तरण एंव विभिन्न उत्प्रेरणात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

१०. **"एक वडा, एक व्यायमशाला पार्क"** र प्रत्येक विद्यालयहरुमा योग शिविर संचालनको नीति लिई युवाहरुलाई प्रशिक्षणको व्यवस्था मिलाइनेछ।

## घ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१. गाउँपालिकाभित्र बसोबास भएका सुकम्बासी र अव्यवस्थित बसोबास गर्नेलाई व्यवस्थित गरी जग्गा धनि पूर्जा दिने काम सम्पन्न गरिनेछ।

२. लैङ्गिक हिंसा, जातीय छुवाछुत लगायतका विविध सामाजिक अन्धविश्वास र विकृतीको अन्त्यका लागि सामाजिक जागरण अभियान तथा सचेतनामुलक कार्यक्रम गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

३. अपाङ्ग भएका व्यक्तिलाई विशेष सहयोग उपलब्ध गराउने नीति लिईनेछ। गाउँपालिकालाई बालमैत्री स्थानीय शासन यसै वर्ष घोषणा गरिनेछ।

४. लक्षित वर्गको कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५. नेपाल सरकारको दिगो विकास लक्ष्यमा उल्लेख भए बमोजिम दाउराको खपतलाई घटाउने महंगो ग्याँस विस्थापित गरि व्यापार घाटा कम गर्न र विद्युतिय उर्जाको प्रयोगलाई प्रोत्साहित गर्न प्रारम्भ गरिएको विद्युतीय चुलो कार्यक्रमलाई निरन्तरता दिई कालीगण्डकी गाउँपालिकालाई **ग्याँसमुक्त गाउँपालिका** बनाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. गाउँपालिकामा सरकारि, सहकारी र प्राईभेट सेवा प्रवेशको तयारी कक्षा संचालन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७. स्थानीय मदिराको उत्पादनलाई ब्राण्डिङ्ग र प्रयोगलाई कानूनी दायरामा ल्याउने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

८. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई थप सुदृढीकरण गरी सञ्चालन गरिनेछ। **ज्येष्ठ नागरिक सम्मान र युवा प्रोत्साहन**को नीतिलाई निरन्तरता दिइनेछ।

९. महिला आर्थिक सशक्तीकरण योजना तथा महिला अनुशिक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१०. स्वधर्म, संस्कृति र असल संस्कार संरक्षणको लागि महिलामञ्चलाई सक्रिय बनाइनेछ।

११. महिलाहरुको सीप र दक्षता अभिवृद्धि गर्नका लागि महिलामञ्च गठन गरी आधुनिक सीप तथा उत्पादनमा आधारित तालिम सञ्चालनलाई निरन्तरता दिइनेछ।

१२. दलित र अल्पसंख्यकहरुलाई ध्यानमा राखेर हरेक कार्यक्षेत्रमा विशेष व्यवस्था गरिनेछ।

१३. छुवाछुत तथा जातीय भेदभाव विरुद्धको जनचेतना अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ । हिंसा तथा दुर्व्यवहार प्रति शून्य सहनशिलताको नीति अवलम्बन गरिनेछ।

१४. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

१५. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

१६. ज्येष्ठ नागरिक परिचयपत्र एकीकृत घुम्ती शिविर संचालन गर्दै वडाबाट नै सेवा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

१७. **"हिंसामुक्त कालीगण्डकी गाउँपालिका हाम्रो पहिचान"** अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

१८. गर्भवती महिलाहरुको लागि **बालबालिका तथा किशोरकिशोरीक पोषण सुधार कार्यक्रम** संचालन गरिनेछ।

१९. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।

२०. बालबालिकाको विशेष प्रतिभा विकास तथा पहिचानका लागि एक विद्यालय एक प्रतिभा कार्यक्रम सचालन गरिनेछ ।

२१. पोषणमैत्री गाउँपालिका घोषणा गरिनेछ।

## ङ. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. **"भाषा संस्कृतिको सम्मान कालीगण्डकी गाउँपालिकाको शान"** सांस्कृतिक संग्रहालयको स्थापना गरी जाती, भाषा, संस्कृतिको संरक्षणमा जोड दिइनेछ । संस्कार, स्थानीय संस्कृति, चाडपर्व र मेलाहरुलाई संरक्षण गरिनेछ । आदिवासी जनजाती, दलित, अल्पसंख्यकहरुलाई संरक्षण गर्ने नीति लिइनेछ ।

२. मगर भाषालाई गाउँपालिकाको दोस्रो कामकाजीको भाषाको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिईनेछ। मगर भाषाको पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ । मगर भाषा प्रशिक्षण कार्यका लागि प्रशिक्षक उत्पादन गरिनेछ ।

३. स्थानीय भाषा, साहित्य, कला, संस्कृति तथा सम्पदाको संरक्षण र सम्बर्द्धन गर्न गठित कालीगण्डकी प्रज्ञा प्रतिष्ठानलाई पूर्णता दिदै पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ।

४. कालीगण्डकी गाउँपालिकाभित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी प्रदर्शन गर्ने नीति लिइनेछ।

५. वर पिपल र स्वामीको बिरुवा रोपण कार्यलाइ प्रोत्साहन गरिनेछ ।पुरानो स्वरुपका चौपारीहरु निर्माण गर्ने कार्यलाइ प्राथमिकता दिइनेछ ।

**२. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रमः**

२.१ समृद्ध गाउँपालिकाको निर्माणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको भूमिकालाई अझ प्रभावकारी बनाइनेछ। बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरे बमोजिम नेपाल सरकार प्रादेशिक सरकारको नीति, लक्ष्य, समयसीमा र स्थानीय आवश्यकतानुसार लक्ष्य हासिल गर्ने गरी कार्यक्रम तय गरिनेछ। बजेट निर्माणमा कुशलता, विनियोजनमा दक्षता र कार्यान्वयनमा क्षमता अभिवृद्धि गरिनेछ।

२.२ कृषि, पशु, उर्जा, लघु उद्योग, सडक यातायात, भौतिक पूर्वाधार, सूचना प्रविधि र पर्यटनलाई आर्थिक वृद्धिको संवाहकको रुपमा पहिचान गरिने छ। सार्वजनिक, निजी र सहकारी क्षेत्रको प्रमुख लगानी यीनै क्षेत्रहरुमा केन्द्रित गरिनेछ। गैह्र आवासीय नेपालीहरुलाई यस गाउँपालिकामा आफ्नो ज्ञान, सिप र पूँजी उपयोग गर्न उत्प्रेरित गरिने छ।

२.३ नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।

**क. उद्योग तथा पर्यटन सम्बन्धी नीती तथा कार्यक्रमः**

१. पर्यटनलाई आकर्षक बनाउन होमस्टे संचालन भएको ठाउँमा मौसमी फूलहरु लगाउने तथा थप कामहरु गर्न व्यवस्था मिलाईने छ ।

२. प्राचिन मठ मन्दिरहरुको जिर्णोद्धार र संरक्षण गरिनेछ ।

३. आलमदेवी मन्दिर, भृगुतुङ्गेश्वर मन्दिर, सिता गुफा, हुनमानथान, कट्टीभ्यू टावर, कोठी ढुङ्गाको गुरुयोजना सहित कामलाई निरन्तरता दिईनेछ । सिद्धगुफा, उत्तरबाहिनी लगायत अन्य क्षेत्रको विकास गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

४. होमस्टे र होटलहरुलाई पर्यटक आर्कषण गर्न वेयटर र व्यवस्थापकलाई तालिमको व्यवस्था गरिनेछ ।

५. धार्मिक पर्यटकलाई व्यवस्थित गर्न आवश्यक प्रचारप्रसार गरिनेछ ।

६. आँधीमुहान, कट्टीगाउँ, आलमदेवीगाउँ र कोटाकोट सहित लसर्घाविसी गाउँलाई पर्यटकीय गाउँको रुपमा विकास गरिनेछ ।

७. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको गरिनेछ ।

८. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।

९. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

१०. विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

११. मुख्य स्थान चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिडल डिस्प्ले /विलवोर्ड राखिनेछ।

१२. दक्षिण कोरिया, दुबई, जापान लगायतका विभिन्न देशहरुमा रहेको पुँजीलाई गाउँपालिकाको उद्योगहरुमा लगानी गर्न प्रोत्साहन गरिनेछ।

१३. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय म्युनिसिपालसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।

१४. आमा समूह, युवा क्बल, टोल विकास संस्था र विपन्त वर्गहरुको क्षमता विकास गर्दै उद्यमशिलताको तालिम लिन प्रेरित गरिनेछ।

१५. स्थानीय काठ तथा जडिबुटी उद्योग संचालनमा ल्याईने नीति लिइनेछ।

१६. उपभोक्ता समितिको क्षमता विकास तालिमलाई निरन्तरता दिइनेछ।

१७. उत्पादन, उत्पादकत्व वृद्धि, रोजगारी सृजना र गरिबी निवारणमा टेवा पुर्याउन स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योग विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१८. स्थानीय पूर्वाधार निर्माणमा स्थानीय जनशक्ति परिचालन गर्ने नीति लिइनेछ।

१९. गाउँपालिकामा **एक रोजगार बैंक स्थापना** गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. शित भण्डार र कृषि बजार कार्यक्रमलाई निरन्तरता दिइनेछ। कालीगण्डकी गाउँपालिकालाई अर्गानिक गाउँपालिकाको रूपमा विकास गर्ने नीति अवलम्बन कार्यलाई निरन्तरता दिने र रैथानेवालीलाई संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२. कृषकहरुलाई उत्पादनमा प्रोत्साहन गर्न कृषि एम्बुलेन्स र सहकारी/कृषि समूह मार्फत उत्पादित वस्तुहरुको बजारीकरणको समेत व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ । साथै खसी, बोका, कुखुरा र वंगुरको मासु निर्यात गर्न आधार तयार गरिनेछ ।

३. स्थानीय कृषिजन्य उत्पादन, सहकारी/कृषक समूह/सहकारी मार्फत प्रशोधन/ ग्रेडिङ/ प्याकेजिङ/ लेबलिङ आदि गरी निर्यात गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. बेमौसमी तरकारी उत्पादन गरी आत्मनिर्भर हुन प्लाष्टिक टनेल निर्माणको लागि अनुदानमा प्लाष्टिक सिट वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। स्थायी टनेल बनाउने नीतिलाई निरन्तरता दिइनेछ।

५. टोल–टोलमा नर्सरी घरघरमा करेसाबारी कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

६. ड्रयागन फ्रुट फलफूलको बगैंचा निर्माण गर्ने कार्यलाई निरन्तरता दिदै क्रमशः धेरै भन्दा धेरै किसानहरुलाई विरुवा र पोलमा अनुदान दिइने नीतिलाई निरन्तरता दिईनेछ। ।

७. किसानहरुलाई मल ढुवानीमा सहुलियत दिइनेछ । साथै रसायनिक मलको भण्डारको व्यवस्था मिलाईनेछ ।

८. कृषि र पशुपन्क्षी विकास कार्यक्रममार्फत ५०० जनालाई रोजगारी सिर्जना गरिनेछ।

९. भैंसी, बाख्रा र वंगुरको श्रोत केन्द्र विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ। सो मार्फत रोजगार सृजना गरिनेछ।

१०. प्राङ्गारिक मल उत्पादनको सुरुवात गरिने छ ।

११. बाँझो जमिन राख्ने कार्यलाई निरुत्साहित गर्न भूमि बैङ्कको स्थापना गरी सो मार्फत रोजगारी सृजना गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१२. एक वडा एक उत्पादन पकेट क्षेत्र अभियान संचालन गरिनेछ। कृषिमा आधुनिकिकरण तथा यान्त्रिकिकरण गरिने नीतिलाई निरन्तरता दिईनेछ।

१३. पुष्प खेतीको प्रवर्द्धन, प्रशोधन र व्यवसायिकीकरण गर्न पुष्प खेती कार्यलाई निरन्तरता दिईनेछ।

१४. अण्डामा आत्मनिर्भरता कार्यक्रमलाई निरन्तरता दिईने छ । यसै वर्षदेखि तरकारी र सबै प्रकारका मासुमा समेत गाउँपालिकालाई आत्मनिर्भर गर्ने नीति लिईने छ ।

१५. डिजिटल प्रविधिबाट पशुपंक्षीको तथ्याङ्क अत्यावधी गरिने छ । नमूना क्षेत्र छनोट गरी कृषि/पशु कार्यक्रम संचालन गरिने छ । बजार मागको आधारमा युवा वर्गलाई लक्षित गरी आधुनिक प्रविधिमा आधारित व्यवसायिक कृषि तथा पशुपंक्षी सम्बन्धी तालिम र अनुदानको व्यवस्था गरिने छ ।

१६. तितेपाती, मुसल लिडो र सिस्नो जस्ता खेतीको प्रवर्द्धन, प्रशोधन र व्यवसायीकिकरण गर्ने कार्यलाई विस्तार गरिनेछ।

१७. यसै वर्षदेखि कृषक वर्गीकरण गरी कृषक पेन्सन कार्यक्रम लागू गरिने छ ।

१८. सम्भाव्यताको आधारमा एभोकाडो, ड्रयागन फ्रुट, किवि, सुन्तला, कागती, केरा, लिचि, आप, टिमुर, च्याउ, रेशम खेती, कफी, स्ट्रवेरी, मौरीपालन सूर्यमुखी फूलको खेति आदिलाई पकेट क्षेत्रको रुपमा विकास गरी प्रोत्साहन गर्न अनुदानको व्यवस्था गरिने छ ।

१९. सामुदायिक तथा कबुलियत वन क्षेत्र तथा बाँझो निजी जग्गामा कृषि वनको रुपमा जडिबुटी र फलफुल खेती विस्तार तथा व्यवसायीकरणमा जोड दिइनेछ ।जस्ले बादर जस्ता वन्यजन्तुलाई नियन्त्रण गर्न सहयोग हुनेछ।

२०. मौरीपालन कार्यक्रमलाई व्यवसायीक बनाउन मौरीको धार र गोलामा अनुदान दिइनेछ।

२१. वर्तमान संकटले श्रमको क्षेत्रमा परेको प्रतिकूल प्रभावले बेरोजगार हुन पुगेका युवाहरुलाई कृषि/पशु पर्यटन, यातायात र सो सँग सम्बन्धित उद्योगमा आकर्षित गर्न आवश्यक पर्ने पूँजी सामूहिक जमानी र project feasibility को आधारमा सहुलियत ब्याजमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

२२. कृषिजन्य वस्तुको समर्थन मुल्य तोकी कृषिजन्य उत्पादनहरु खरिद गर्ने व्यवस्था गरिनेछ।

२३. सामुहिक खेति प्रणाली कम्पनी/सहकारी/समुह मार्फत कुनै कृषि जन्य खेतीले गाउँपालिकालाई आत्म निर्भर बनाई निर्यात गरिनेछ र युवाहरुलाई रोजगार सिर्जना गरि बैदेशिक रोजगारीलाई निरुत्साहित गरिनेछ।

२४. केरा लगायतका कृषिजन्य पदार्थबाट संचालीत उद्योगहरुलाई निरन्तरता दिईनेछ।

२५. हेफर इन्टरनेश्नलसंगको साझेदारीतालाई निरन्तरता दिईनेछ।

२६. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।

२७. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

२८. महिलाहरुको आर्थिक उन्नयन/सशक्तिकरणका लागी पातहरुबाट प्लेट तथा टपरिजन्य सामग्री निर्माण सम्बन्धी उद्योग सञ्चालन तथा कच्चा श्रोतमा प्रोत्साहन अनुदान सम्बन्धी नीति लिइनेछ।

२९. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थालाई उत्पादनसँग जोड्ने नीतिलाई निरन्तरता दिइनेछ।

२. सहकारीहरुलाई मर्ज गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ।

३. सहकारीहरुलाई प्रविधिमैत्री बनाउँदै पारदर्शी गराउन अनुगमन प्रणालीलाई प्रभावकारी बनाईनेछ।

४. सहकारीहरुलाई क्षमता विकासको तालिम संचालनको व्यवस्था गरिनेछ।

५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भई लगानी गर्ने नीतिलाइ कठोरता पूर्वक रूपमा कार्यान्वयन गरिनेछ।

६. गाउँपालिका, सहकारी र निजी क्षेत्रको सहलगानीमा उद्योग सञ्चालन गरी रोजगारी सिर्जना गरिनेछ।

७. गाउँपालिका भित्र कुनै एउटा सहकारीमा कालोसुचीमा रहेको ऋणीले अर्को सहकारीमा ऋण लिन नपाउने नीतिलाई कार्यान्वयन गरिनेछ।

**३. भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. चालु आ.व.मा रोकिएको खरको छानो विस्थापित (सुरक्षित आवास) कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२. असहाय र अशक्तहरूको लागि आवास बनाउने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३. गाउँपालिका स्तरीय सिटी हल र सम्पूर्ण वडामा एक सभाहल निर्माण प्रकृया अगाडि बढाईने छ।

४. चालु आर्थिक वर्ष २०८०/०८१ सम्म अधुरा रहेका योजनाहरुलाई निरन्तरता दिइने छ ।

५. विर्घाटार लिफ्टिङ सिंचाईलाई थप व्यवस्थित गरिने छ भने, मिर्मी लिफ्टिङ सिंचाई, टङ्लेहवा, प्युघा र बारीचौर लि.सिंचाई आयोजना सम्पन्न गरिनेछ। र बेल्टारी, फाँट–जरुवा, किपट र कोटाकोट-लसर्घाबेसी लिफ्टिङ सिंचाई जस्ता ठुला आयोजनालाई कार्यान्वयनमा ल्याईने।

६. नेपाल सरकार र प्रदेश सरकारको सहयोगमा वडा नं. ५ र वडा नं. ६ को भपेडमा सुरु भएको उद्योग ग्रामलाई निरन्तरता दिइनेछ ।

७. गाउँपालिकाको प्रशासनिक कार्यालयसँग सबै वडा कार्यालयहरु, सामुदायिक विद्यालय र स्वास्थ्य इकाईहरुलाई क्रमश कालोपत्रे सडकले जोड्ने कार्यक्रमलाई निरन्तरता दिइने छ।

८. डि.पि.आर. सम्पन्न भएका सम्पूर्ण योजनाहरु यसै वर्षदेखि कार्यन्वयनमा लगिने छ ।बाकी रहेका योजनाहरु समेतको डि.पि.आर. गरिने छ ।

९. गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रम मार्फत सम्बोधन गर्न नसकिएका आयोजनाहरूको सम्भाव्यता अध्ययनका लागि गाउँपालिकाबाट आवश्यक थप व्यवस्था गरिने छ।

१०. सडक नपुगेका वगरसम्म जाने पहुँच मार्ग, सडक नपुगेका टोलहरुमा सडक संजालले जोड्ने र बनिसकेकका सडकको स्तरोन्नती गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

११. पूर्वाधार निर्माणको लागि चाहिने ढुङ्गा, गिट्टी, बालुवाको लागि नदीजन्य स्रोत संकलनलाई थप व्यवस्थित गरिनेछ । र अन्य वैकल्पिक स्रोत पहिचान, उत्खनन तथा प्रशोधन गरी प्रयोग तथा व्यवस्थामा जोड दिईनेछ ।

१२. शालिग्राम लोकमार्ग अन्तरगतको भृगुतुङ्गेश्वर वडा नं.१ देखि वडा नं. २ सम्मको ट्र्याक खोल्न बाँकी काम यसै वर्ष सम्पन्न गरिनेछ ।

१३. यसै आर्थिक वर्षमा १५ कि.मी. सडक कालोपत्रे तथा ढलान गरिने छ, ,भने ३० कि.मी. सडक नाली सहितको ग्राभेल गरिनेछ, २१५ कि.मी. सडकको स्तरोन्नती गरिनेछ ।

१४. Contingency (कन्टिन्जेन्सी) तर्फको कम्तिमा २० प्रतिशत रकम मर्मत सम्भारकोष खडा गरिनेछ ।

१५. स्थानीय तहबाट रकम विनियोजित आयोजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्न पौष १५ भित्र सम्झौता गरी सक्नुपर्ने नीति लिइनेछ ।

१६. यसै वर्ष सडक गुरु योजना, पर्यटन गुरु योजना, खानेपानी गुरु योजना , सिंचाईको गुरु योजना, रोजगारी सम्बन्धी र खेलकुद सम्बन्धी गुरु योजना तयार गरिनेछ।

१७. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकार र विकास साझेदारी संस्थाहरु बीचको साझेदारीमा सञ्चालित कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

१८. सरकारी भवनहरुलाई बालमैत्री, जेष्ठ नागरिकमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री स्तनपान कक्ष सहितको बनाउँदै लगिनेछ ।

१९. सडकका दायाँबायाका अतिक्रमित भवन तथा टहराहरु सम्बन्धित सडकको मापदण्ड अनुसार हटाउने नीति लिइनेछ ।

२०. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी **"आयोजना बैंक"** तयार गरिने नीतिलाई निरन्तरता दिइनेछ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

२१. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्वारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

२२. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

२३. गाउँपालिका भित्र पालिकाले तय गरेका सडक मापदण्ड बमोजीम निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

२४. निर्माणाधिन मिर्मी र कारीकोट बसपार्कलाई समयमै सम्पन्न गरिनेछ।

## ४. सुचना तथा सञ्चार सम्बन्धी नीति तथा कार्यक्रमः

१. हेलो अध्यक्ष कार्यक्रमलाई थप व्यवस्थित गर्दै जनतासँग अध्यक्ष कार्यक्रम संचालन गरिनेछ। विकास निर्माण कार्यक्रमको विद्युतीय अनुगमन प्रणालीको व्यवस्था मिलाइने छ ।

२. सञ्चार तथा पत्रकारिता क्षेत्रको विकासको लागि उचित कार्यक्रमको व्यवस्था गरि स्वतन्त्र पत्रकारिताको विकास गरिनेछ ।

३. सूचना र प्रविधियुक्त पार्कहरू निर्माण र संचालन गर्ने नीति लिइनेछ।

४. विद्यालयहरुमा निःशुल्क इन्टरनेटको सुविधा निरन्तरता दिईनेछ।

५. डिजिटल मैत्री गाउँपालिकाको नीतिलाई निरन्तरता दिइनेछ।

६. इन्टरनेट सेवालाई घर घरमा विस्तार गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

७. सुचना र प्रविधिमा पहुँच पुऱ्याउन जनप्रतिनिधिहरुलाई तालिमको व्यवस्था गरिनेछ।

८. स्थानीय टिभि च्यानेल/नेपाल टेलिभिजन/एफ.एम.सँगको सहकार्यमा **"हाम्रो कालीगण्डकी गाउँपालिका"** कार्यक्रम सञ्चालन गरिनेछ ।

९. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।

१०. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै कालीगण्डकी गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

११. विद्यालय तथा क्याम्पसका विद्यार्थीहरुलाई Software कोडिङ प्रोग्रामिङको सीप सिकाउन Innovation Center निर्माण गरिनेछ।

## ५. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

## ६. सुशासन सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रमः

१. भ्रष्ट्राचारलाई शून्य सहनशीलताको नीति अवलम्बन गरी सार्वजनिक सेवा प्रवाहलाई छिटोछरितो मितव्ययी, पारदर्शी, जवाफदेहि, गुणस्तरीय, परिमाणमुखी, नागरिकमैत्री र प्रभावकारी बनाई डिजिटल गाउँपालिकामा सुशासन कायम गर्दै नीतिलाई निरन्तरता दिँदै गाउँपालिकालाई कागज रहित (paper less) गराउदै लगिनेछ।

२. सेवा प्रवाह तथा विकास आयोजनाहरूको गुणस्तरियता प्रभावकारिता अभिवृद्धि गर्न अनुगमन र मुल्याङ्कन गर्ने कामलाई थप प्रभावकारी बनाउन अनलाइन अनुगमन प्रणाली समेतको विकास गरिने छ। जनताको गुनासो सुन्ने तथा पृष्ठपोषण लिने सम्बन्धी नीतिगत तथा संस्थागत संयन्त्रको व्यवस्था गरिने छ।

३. कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको उत्प्रेरणा र मनोबल अभिवृद्धि गर्न कार्यसम्पादनका आधारमा प्रोत्साहन गर्न सकिने नीति अवलम्बन गरिने छ। स्थानीय स्थायी/करार कर्मचारी कोष निर्माणलाई निरन्तरता दिइनेछ। तोकिएको जिम्मेवारी तोकिएको समयमा पूरा गर्नेलाई प्रोत्साहन र नगर्ने राष्ट्रसेवक कर्मचारीलाई कारबाहीको दायरामा ल्याइनेछ।

४. गाउँपालिकाभित्रका सबै सरकारी कार्यालय विद्यालयहरुमा विद्युतीय हाजिरीलाई थप प्रभावकारी र अनिवार्य बनाई निरन्तरता दिइनेछ। सबै सरकारी कार्यालयहरुलाई सिसि क्यामेराको दायरामा ल्याईनेछ, र गाउँपालिकाको कार्यलयबाट नै अनलाइन अनुगमन गरिने प्रविधिलाई विद्यालय, अस्पताल र स्वास्थ्य चौकीहरुलाई प्रशासनिक भवनबाटै अनुगमन गर्ने प्रणालिको विकास गरिनेछ।

५. प्रत्येक आ.व.को कार्यक्रमको  वार्षिक क्यालेन्डर तयार गरी प्रत्येक महिनाको खर्च दोस्रो महिनाको पहिलो हप्ता भित्र वेवसाईट मार्फत सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

६. आर्थिक वर्ष २०८१/८२ देखि गाउँपालिकामा संचालन भएको भुक्तानीहरु पूर्ण रुपमा विद्युतिय कोष हस्तान्तरण (EFT) मार्फत गरिएको कामलाई थप व्यवस्थीत गरि निरन्तरता दिईनेछ ।

७. आर्थिक मितव्ययितता कायम गर्ने, प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।

८. कालीगण्डकी भवन आचार संहिता २०७५ नियमावलीलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ।

९. पूर्वाधारहरुको निर्माणलाई गुणस्तरिय बनाउन हाल संचालनमा रहेको Civil Lab लाई थप व्यवस्थीत बनाईनेछ।

१०. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन **"हाम्रो गाउँपालिका"** नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिका प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

११. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा, पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

१२. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१३. कालीगण्डकी गाउँपालिका भित्र रहेका औपचारिक र अनौपचारिक क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१४. विपन्न र न्यून आय भएका घर परिवार र गरिब पहिचान परिचयपत्र भएका घरपरिवारलाई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१५. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यमकालीन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१६. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१७. गाउँपालिका मार्फत विभिन्न समूह, संस्थाहरूको लागि विनियोजन भएका रकमहरू कार्यान्वयन गर्न कानून बमोजिम दर्ता भएका समूह संस्थाहरूलाई मात्र मान्यता दिने नीतिलाई प्रोत्साहित गर्ने नीति लिइनेछ।

१८. प्रशासनीक क्षेत्रको क्षमता अभिवृद्धि गर्ने, उत्प्रेरणा सिर्जना गर्ने तथा तटस्थ प्रशासनको आधारभूत मूल्यमान्यतालाई कायम गराउने कार्यलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ। नागरिकमैत्री सार्वजनिक सेवा प्रवाहलाई थप चुस्त र प्रभावकारी बनाइनेछ। कर्मचारीमा सेवा प्रवाहमा नवप्रवर्तन स्थापना गर्नका लागि असल अभ्यास सिकाइ

सञ्चालन गरिनेछ। दरबन्दी बमोजिमको कर्मचारी रित्तताको पूर्ति र कर्मचारी टर्नओभरलाई विशेष ध्यान दिई सो मा गरिनुपर्ने सुधारका लागि आवश्यक कार्य गरिनेछ। कर्मचारी र स्थानीय जनप्रतिनिधि विचको भावनात्मक सम्बन्ध कायम गर्न र क्षमता अभिवृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

७. **वन, वातवरण, जलवायु , विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

१. आ.व. २०८१/८२ मा वन क्षेत्रमा फलफूल तथा वृक्षारोपण वर्ष घोषणा गरिनेछ।

२. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको स्रोत पहिचान तथा वितरणको ब्यवस्था मिलाइनेछ।

३. बादर लगायत अन्य वन्यजन्तु नियन्त्रणको वैकल्पिक व्यवस्थामा जोड दिईनेछ।

४. कालीगण्डकी गाउँपालिका भित्र **एक घर एक धारा** निर्माण गर्न बाँकी रहेका ७९६ निर्माण सम्पन्न गरी कालीगण्डकी गाउँपालिका भित्रका ७ वटै वडाका घरधुरीमा पुग्ने गरी स्वच्छ र सफा खानेपानी पुऱ्याउने गरि नयाँ परियोजना संचालन गरि कालीगण्डकी गाउँपालिकाका नागरिकहरुलाई २५-३० वर्षसम्म पुग्ने खानेपानीको व्यवस्थाको प्रारम्भ गरिनेछ।

५. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

६. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ। केराको फाईवरबाट उत्पादित सामाग्रीको प्रयोगलाई प्रोत्साहित गरिनेछ।

७. यसै वर्षदेखी प्रत्येक वडालाई क्रमश वातावरणमैत्री वडा घोषणा गर्दै लगिने छ।

८. गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजी गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

९. जलवायु परिवर्तन अनुकुलन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।

१०. वन्यजन्तु तथा घरपालुवा जनावरको लागि पिउने पानी, साना सिंचाई तथा जल पुनर्भरण गर्न **एक गाउँ एक पोखरी अभियान** सञ्चालन र मर्मत गर्ने कार्यलाई निरन्तरता दिइने नीति लिइनेछ ।

११. तालतलैया, पोखरी, कुवा, चौपारीहरु संरक्षण गर्दै रिचार्ज पोखरी निर्माणलाई निरन्तरता दिइनेछ।

१२. स्वच्छ सफा कालीगण्डकी गाउँपालिका निर्माणको अभियान अन्तर्गत फोहोरमैलाको दीगो र प्रभावकारी व्यवस्थापनको लागि तीनै तहको सरकारहरु मिली बहुउपयोगी डम्पिङ साइड निर्माणको कार्यलाई निरन्तरता दिईनेछ।

१३. भू-सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

१४. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ व्यवस्थित र प्रभावकारी वनाइनेछ ।

१५. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

१६. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१७. विपद् बाट सिर्जित विभिन्न जोखिमहरु व्यवस्थापन गर्न मूल्याङ्कनको आधारमा क्षतिपूर्तिको व्यवस्था गरिनेछ।

१८. स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखी कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. इलाका प्रहरी कार्यालय जैपते, विर्घा प्रहरी चौकीमा विपदको लागी आवश्यक पर्ने सामाग्री राख्ने व्यवस्था मिलाईने छ।

२०. विपद्जन्य स्थान पहिचान गरी त्यस्तो बस्तीलाई सुरक्षित स्थानमा स्थान्तरण गर्न प्रोत्साहन गरिनेछ ।

२१. विपद् बाट विस्थापित भएका परिवारका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सहभागितामा घर निर्माण गरिनेछ। विपद जोखिम नियन्त्रण तथा व्यवस्थापन गर्न एक विपद व्यवस्थापन जोखिम कोष स्थापना गरिनेछ। विर्घा, अधेरी, सटुका, लौझा, खोर्दी, आँधीमुहान तथा अन्य साना तथा ठूला पहिरो र बाढी नियन्त्रणका लागी विशेष प्राविधिक योजना तयार गरी नियन्त्रण गरिनेछ।

२२. विद्यालयहरुमा विपद व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गरी समुदाय र विद्यालयहरुमा विपद व्यवस्थापन समिति गठन गरिने छ।

२३. नगर प्रहरीहरुलाई विपद व्यवस्थापन सम्बन्धी तालिमको व्यवस्था गरिनेछ।

**८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

१. कर संकलनलाई अझ बढी व्यवस्थित बनाउन र कर प्रशासनलाई प्रभावकारी बनाउन समयमा कर तिर्ने, धेरै कर तिर्ने करदातालाई पुरस्कार र भाका नाघी कर बुझाउने करदातालाई दण्डको व्यवस्था गरिनेछ।

२. राजश्व संकलन गर्नको लागि सूत्रको राजश्व मोड्युल सफ्टवेयर अनिवार्य गरि आगामी आ.व. देखि कर तथा राजश्वको रकम अनलाइन बैङ्किङ प्रणाली मार्फत घरबाटै भुक्तानी गर्न मिल्ने बनाइनेछ ।

३. एकिकृत सम्पत्ति करलाई कडाईका साथ लागु गरिनेछ, संरचना निर्माण गर्दा नक्सा पास अनिवार्य गरिनेछ र सो नगर्ने नागरीकलाई विद्युत, खानेपानी, स्वास्थ्य जस्ता क्षेत्रको सुविधाबाट बञ्चित गरिनेछ।

४. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ, भने दण्ड जरिवानालाई वृद्धि गरी कडाईका साथ लागू गरिनेछ।

५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

६. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ।

७. करदाताहरुलाई आफूले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

८. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

९. वित्तिय संघीयताको मूल मर्म स्थानीय तहका सरकारहरु स्वयंको वित्तिय क्षमता मार्फत आफ्नो सरकार सञ्चालन गर्न सक्षम हुनुपर्दछ भन्ने नै हो। सेवा प्रवाहमा सन्निकटताको

सिद्वान्त र वित्तिय व्यवस्थामा सक्षमताको सिद्वान्त बमोजिम कार्य गर्नु पर्ने भएको हुँदा वित्तिय रुपमा सबलता तथा सक्षमताको विकासका लागी उचित अभ्यास गरिनेछ।

१०. तोकीएको कर तथा गैरकरको उठति कार्यका लागी समुदाय स्वयं र जनप्रतिनिधीहरुलाई बढी जिम्मेवार बनाउने नीति अख्तियार गरिनेछ।नागरिकले तिर्ने कर र गाउँपालिकाले नागरिकलाई प्रदान गर्ने सेवा-सुविधाका बीचमा प्रत्यक्ष सम्बन्ध कायम हुने संयन्त्रको विकास गरिनेछ। कर सिर्जना, कर दायित्व र कर लाभका विषयमा प्रभावकारी कार्यक्रम संचालन गरिनेछ।

११. गाउँपालिकाले भुक्तानी गर्नुपर्ने कर तथा गैरकर रकमको भुक्तानीका लागि आधुनिक प्रविधिको प्रयोग गर्ने कार्यका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

**९. रोजगार सम्बन्धी नीति तथा कार्यक्रम**

१. युवाहरुलाई प्राथमिकतामा राखेर श्रम, पूँजी, सीप र रूचिका आधारमा पर्यटन, कृषि, पशु, उद्योग, यातायात र निर्माणा लगायतका क्षेत्रमा आवश्यकता अनुसार प्राविधिक तथा व्यवसायिक तालिम, प्रविधि तथा विउ पूँजीमा अनुदान प्रदान गरी उद्यमशिलता विकास तथा स्वरोजगारी र रोजगारी प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरिनेछ। यस आर्थिक वर्षमा कम्तिमा ५०० जनालाई रोजगार सृजना गरिनेछ।

२. योगदानमा आधारीत सामाजिक सुरक्षा कोष संचालन गरिनेछ।

३. युवा रोजगारका लागि रुपान्तरणकारी परियोजनाहरु सञ्चालनमा ल्याइनेछ, साथै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ।

४. एक घर एक स्वरोजगार विकासका लागी तालिम तथा सहुलियत ऋण प्रदान गर्न एक स्वरोजगार कोष स्थापना गरिनेछ।

५. बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई स्वदेशमै सीप र क्षमताका आधारमा आयमुलक कार्यमा लाग्न प्रेरित गरिनेछ।

## आदरणीय गाउँसभाका सदस्यज्यूहरु,

अन्त्यमा, **समृद्ध गाउँपालिका र सुखी नागरिक** निर्माण गर्ने कालीगण्डकी गाउँपालिकाको दीर्घकालीन लक्ष्य प्राप्ती गर्न यो नीति तथा कार्यक्रमको महत्वपूर्ण योगदान रहने विश्वास लिएको छु । सबल र समृद्ध गाउँपालिका निर्माणमा साथ दिनुहुने सम्पूर्ण गाउँपालिकाबासी, नेपाल सरकार, गण्डकी प्रदेश

सरकार, राजनीतिक दल, विकास साझेदार संस्था, निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, संचार जगत, सुरक्षाकर्मी, नागरिक समाज, गैह्र सरकारी संघ संस्था वर्तमान र निवर्तमान माननियज्यूहरु र सम्पूर्ण वर्तमान र निवर्तमान जनप्रतिनिधिहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनमा यहाँहरुको सक्रिय सहयोगको अपेक्षा गर्दछु ।

**धन्यवाद !!!**

**खिम बहादुर थापा**
**अध्यक्ष**
**कालीगण्डकी गाउँपालिका**
**विर्घा, स्याङ्जा ।**